नेपाल सरकार

गृह मन्त्रालय

# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

सिंहदरवार, काठमाडौं

मिति : २०८२।०८।१५

**छपाई तथा कार्यालय सामान आपुर्ती सम्बन्धी राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सूचना ।**

नेपाल सरकार

गृह मन्त्रालय

## कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

सिंहदरवार, काठमाडौं

## छपाई तथा कार्यालय सामान आपुर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१५**

यस विभागलाई चालु आ.व. ०८२/८३ को लागि आवश्यक पर्ने छपाई तथा कार्यालय सम्बन्धी सामानहरु सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त आव्हान गरिएको छ। सूचनाको विस्तृत विवरण यस विभागको वेबसाईट www.dmpc.moha.gov.np मा र कार्यालयको फोन नं. ०१-४२१११७७ मा सम्पर्क गरी बुझ्न सकिने छ।

नेपाल सरकार
गृह मन्त्रालय
# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग
सिंहदरवार, काठमाडौ

मिति : २०८२।०८।१५

**छपाई तथा कार्यालय सामान आपुर्ती सम्बन्धी राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सूचना ।**

**प्रकाशन मितिः २०८२।०५।१५**

यस विभागलाई चालु आ.ब. ०८२/०८३ को लागि आवश्यक पर्ने छपाई तथा कार्यालय सम्बन्धी सामानहरु सार्वजनिक खरिद नियसमावली २०६४ को नियम ८४ बमोजिम सिलबन्दी दरखास्तपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलका सर्तहरूको अधिनमा रही रितपूर्वक सिलबन्दी दरभाउपत्र माग गरिएको छ ।

**तपसिलः**

१. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु खरिद गर्न निवेदनका साथ फर्म, कम्पनि वा संस्था भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, गत आ.व. ०८१\८२ सम्मको कर चुक्ता प्रमाणपत्र, मु.अ.कर\स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि सहित रु. १,०००।- फिर्ता नहुने गरी विभागको आर्थिक प्रशासन शाखामा बुझाएको रकमको सक्कल रसिद संलग्न गरी १५ औं दिन मिति २०८२\०८\२९ गते सम्म कार्यालय समयमा विभागबाट खरिद गर्न सकिने छ । आफूले आपुर्ती गर्न चाहेको छपाई सामाग्री तथा कार्यालय सामानको लागि छुट्टाछुट्टै सिलबन्दी दरभाउपत्र कागजात माथि उल्लेखित दस्तुर बुझाई खरिद गर्नु पर्नेछ।

२. फर्म, कम्पनि वा संस्थाले खरिद गरेको सिलबन्दी दरभाउपत्रमा आफूले कवोल गरेको रकम खुलाई सिलबन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मिति देखि १५ औं दिन मिति २०८२/०९/०१ गते दिनको १२:०० बजे भित्र विभागम स्वंय वा आफूले अख्तियारी दिईएको व्यक्ति, साझेदारी फर्म भए आधिकारीक प्रतिनिधि र अन्यको हकमा प्रोपाईटर स्वयं वा अधिकार प्राप्त व्यक्तिले सहीछाप गरी खाम बाहिर श्री कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग र दरभाउपत्र नं., उल्लेख गरी लाहछाप लगाई सिलबन्दी गरी प्रस्तावपत्र दर्ता गर्नुपर्नेछ । लाहछाप नलगाएको र सिलबन्दी नगरिएको प्रस्तावपत्र दर्ता गरिनेछैन ।

३. फर्म, कम्पनीले वा संस्थाले सिलबन्दी दरभाउपत्रमा सम्बन्धित सामानको दरभाउपत्रमा उल्लेख बमोजिमको धरौटी रकम को.ले.नि.का. सिंहदरबारको राष्ट्रिय बाणिज्य बैङ्कमा रहेको धरौटी खाता नं. मा १९६०१००१०२०३००००, कार्यालय कोड ३१४०७३५०१ उल्लेख गरी जम्मा गरेको सक्कल भौचर वा बैङ्कहरूले जारी गरेको बिड ग्यारेन्टीपत्र सहित फर्म वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, गत आ.व. ०८१\८२ सम्मको कर चुक्ता प्रमाणपत्र मु.अ.\स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ। कुनै कागजात वा प्रमाणपत्रको प्रतिलिपी पेश गर्दा नेपाल सरकारबाट मान्यता प्राप्त संस्था, निकाय वा व्यक्तिबाट नोटरी अनिवार्य गराउनु पर्नेछ ।

४. आफूले कवोल गरेको मूल्य अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्नेछ ।अंक र अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिईनेछ।

५. सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यक्ति वा फर्मले आफूले स्वीकार गरेको रकमको नियमानुसार मुल्य अभिवृद्धी कर (VAT) र अन्य करहरू समेत तिर्नुपर्ने छ ।

६. विभागमा पेश हुन आएका सम्पूर्ण सिलबन्दी दरभाउपत्र मिति २०८२/०९/०१ गते दिनको १४:०० बजे रीतपूर्वक दरभाउ पेश गराएका व्यक्ति वा संस्थाको प्रतिनिधिको रोहवरमा खोलिनेछ र खोलिने समयमा सम्वन्धित व्यक्ति र संस्था प्रतिनिधिहरु अनुपस्थित भएमा पनि प्रचलित कानून बमोजिम खोल्न समितिलाई बाधा पर्ने छैन।

नेपाल सरकार
गृह मन्त्रालय
# कसूरजन्य सम्पति व्यवस्थापन विभाग
सिंहदरवार, काठमाडौ

मिति : २०८२।०८।१५

७. सिलबन्धी दरभाउपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानी सोही अनुसार खरिद गर्ने र पेश गर्ने दिन कायम हुन्छ ।

८. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस विभागलाई सुरक्षित रहने छ ।

९. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुराहरू बुझ्न चाहेमा विभागको भण्डारण शाखा वा ०१-४२११११७७ मा सम्पर्क गरी वुझ्न सकिनेछ ।

१०. दरभाउपत्र मुल्याङ्कन गर्दा विभागले आफ्नो आवश्यक्ता अनुसार एकमुष्ट वा Item-Wise समेत मुल्याङ्कन गरी सोही अनुसार Item-Wise समेत सामाग्रीहरू आपुर्ती गर्न दरभाउपत्र स्वीकृत गर्न सक्नेछ । साथै विभागको आवश्यक्ता अनुसार विभागले माग गरेको समयमा माग गरे बमोजिमको संख्यामा मात्र सामान आपुर्ती गर्नुपर्ने छ ।

११.यस सुचनामा उल्लेख भए बाहेक सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुराहरू नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

**कसूरजन्य सम्पति व्यवस्थापन विभाग**
**सिंहदरबार, काठमाण्डौं ।**